# राष्ट्रहितमा सामरिक महत्त्वको सान्दर्भिकता

डा. अश्वस्थामा भक्त खरेल


## लेखसार

*नेपाल प्रकृतिले भरिपूर्ण सामरिक महत्त्वको राष्ट्र हो । भू-परिवेष्ठित देश भए पनि सामरिक महत्त्वका दृष्टिले नेपाल संसारकै उत्कृष्ट स्थल हो । सामरिक महत्त्वको राष्ट्र हुनाले नै अङ्ग्रेज तथा तिब्बतका सेनाहरु नागरिक समेतको सहयोगमा नेपाली सेनाबाट पराजित भएर फर्किनु परेको इतिहास सुनौला अक्षरले लेखिएका छन् । चाहे इष्ट इण्डिया कम्पनीले होस् वा चाहे तिब्बतले होस्, नेपालमाथि आक्रमण गर्दा सामरिक महत्त्वले साथ दिएको थियो । छरिएका राज्यहरुलाई आधुनिक नेपालमा गाभ्न पनि सामरिक क्षेत्रले साथ दिएको थियो । नेपालको अन्तर्राष्ट्रिय सीमा रक्षामा पनि सामरिक स्थलको साथ र सहयोग अतुलनीय रहेको छ ।*


**शब्दकुन्जी**: सामरिक स्थल, शक्ति, रणनीतिक, लडाइँ, क्रीडास्थल, राष्ट्रहित, राष्ट्रिय स्वार्थ ।

## पृष्ठभूमि

युद्ध वा लडाइँसँग सम्बन्धित स्थान (पोखरेल र अन्य (सम्पा.), २०४०, पृ.१३३६) लाई सामरिक स्थलका रुपमा अर्थ्याइएको छ। युद्ध वा लडाइँका समयमा गुफा, कन्दरा, डाँडा, पाखा, चुचुरा, घाट, पर्वत र नाका वा थुम्काले राष्ट्र बिस्तार तथा राष्ट्रिय सीमा रक्षार्थ रक्षाकबचका रुपमा काम गरेको छ। सेनाको मुख्य अधिकारी सेनापतिलाई संस्कृतमा सेनाधिय: भनिन्छ। सामरिक वा सामरेय भन्ने शब्दले लडाइँ सम्बन्धी वा लडाइँको भन्ने जनाउँछ । सामरिकमा पोत जोडिएपछि सामरिकपोत बन्दछ। लडाइँको जहाज र सामरिकवाद भनेको त्यो सिद्धान्त हो जसमा राष्ट्रलाई लडाइँसम्बन्धी कार्यहरु गर्न सेना बढाउनुका साथै हमेशा नयाँ-नयाँ डरलाग्दा विनाशकारी लडाइँका सरसामान आदि बनाउनका लागि विशेष ध्यान दिइएको हुन्छ। सामवायिकदाज्यम् भनेको (न.) ती राज्यहरु, जुन लडाइँ का बेलामा जुटेका हुन्छन् (पाण्डेय, वि.सं. २०५७, पृ.१३९६)। नेपाल विस्तारका क्रममा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले गोर्खाली सेना र नेपाली सेनाका बीच सहकार्य गर्नुपरेको घटनाक्रम पनि सामरिक महत्त्वले नै हो। सामरिक क्षेत्रले साथ दिएका कारण नै नेपाल एकीकरण सम्भव भएको हो। मल्ल राज्य तथा बाइसे चौबिसे राज्यहरु आधुनिक नेपालमा एकीकृत हुन सम्भव भएको र विदेशी सेना विरुद्ध विजयको झण्डा फर्फराउन सम्भव भएको सामरिक स्थानले नै हो। आफ्ना प्रथम सेनापति कालु पाण्डे एकीकरणको क्रममा कीर्तिपुरको पहिलो लडाइँमा मारिए र पृथ्वीनारायण शाहलाई जीउ जोगाउन पनि हम्मे हम्मे परेको थियो (सूचना विभाग, वि.सं. २०७२, पृ.६४)। दोस्रो पटकको कीर्तिपुर आक्रमणमा राजाका भाइ शूरप्रताप शाहको आँखा फुट्यो र धेरै गोर्खाली सेना मारिए (सूचना विभाग, वि.सं. २०७२, पृ.६५)। यो सामरिक स्थलले साथ दिएकै कारण कीर्तिपुरसँग गोर्खाली सेना पराजित हुनुपरेको थियो। त्यसबाट पाठ सिकेर सामरिक महत्त्वका ठाउँहरु र नाकाहरु कब्जा गर्ने नीति बनाएर त्यो नीति सफल भएपछि काठमाडौं उपत्यका विजय भएको थियो। यसपछि गोरखा राज्यको बिस्तारले नेपाललाई एउटै मालामा उन्न सफल भएको थियो।

## सामरिकस्थलको जगेर्ना

कैलाशको शीतल छायाँ परेको भूमि (हाम्रो पात्रो, वि.सं. २०७६) नेपाल "शिवौ देशो हिमालयः" हो । शिवौ भनेका शिव पार्वती हुन् । नेपाल शिव पार्वतीको देश भएको हुनाले परापूर्वकालदेखि नेपाली सेनाको लोगोमा त्रिशूल र डमरु अङ्कित रहेको छ । शिव-पार्वती भनेका शक्ति स्वरुप हुन् । त्यही शक्ति नेपाल र नेपाली सेनालाई निरन्तर प्राप्त भइरहेको छ । अनुशासनमा सेना शिव-पार्वती पुत्र गणेश जस्तै दरिलो खम्बा हो । गणेशलाई विनायक नामबाट सम्बोधन गरिएको छ, जसलाई महागणपति भनिएको छ (चाम्लिङ, वि.सं. २०७६) । गणेश जसरी सबै देवी-देवताका प्रधान सेनापति भएर शिवलोकको रक्षा गर्न सफल भएका थिए, ठीक त्यसै गरी नेपाली सेनाले पनि नेपालको रक्षा गरिरहेको छ । राजा नरेन्द्रदेवका पालामा उत्तरी राष्ट्रका अनुरोधमा दक्षिणमा आक्रमण गर्न ७००० घोडसवार, ३५०० प्रारम्भिक दस्ता खडा गरेको पाइन्छ । प्राचीनकालमा सैन्य दस्ताहरु देशको बीचमा राख्ने चलन थियो भने मध्यकालमा सेनाहरुलाई विभिन्न उच्च भागमा भएका किल्ला अनि सीमाका हिसाबले संवेदनशील ठाउँमा राख्न थालिएको हो । किल्लाका कमाण्डरलाई क्वान्थ नायक भनिन्थ्यो जो अत्यन्त शक्तिशाली हुने गर्दथे । उनैको नेतृत्वमा सैनिकहरु खटाइएका हुन्थे (हाम्रो पात्रो, वि.सं. २०७६) । सिन्धुलीगढी, भीमफेदीगढी, अमरगढी, सिम्रौनगढी, कान्द्राङगढी, बेल्कोटगढी, कालापानी समेतका सामरिक क्षेत्रहरुमा नेपाली सेना र आम नागरिकले रगत-पसीना बगाएका थिए । सामरिक महत्त्वका क्षेत्रहरुमा भएका युद्धहरुमा इष्ट इण्डिया कम्पनी र मुगल साम्राज्यका फौजहरु पराजित भएका छन् । नेपाली सेना वीर गोर्खाली सेना हो । प्रथम विश्वयुद्ध र द्वितीय विश्वयुद्धमा नेपाल विश्वप्रशिद्ध हुनुको मुख्य कारण सामरिक महत्त्वका क्षेत्रहरुमा रहेर लड्ने अभ्यास भएकाले नै हो । विश्व जित्ने अभियानमा होमिएका जर्मनका शासक नेपोलियन बोनापर्टले आफू संसारका सबै जित्न सक्छु, तर गोर्खाली सेनाको नाम सुन्नासाथ खुट्टा थरथर काम्छ भन्न पुगेका थिए । नेपाली सेनाले विश्वमा ख्याती कमाएको राज्य-विस्तार र सीमा-रक्षाका लागि सामरिक क्षेत्रमा लडाइँ गर्दाको अनुभवले नै हो । सन् १९५८ देखि संयुक्त राष्ट्रसंघीय मिशनमा सहभागी नेपाली सेनाको कार्यसम्पादन पनि विश्वमा अग्रणी स्थानमा रहँदै आएको छ । अन्तर्राष्ट्रिय सैनिक अभ्यासहरुमा उत्कृष्ट नतिजा निकाल्न सफल नेपाली सेनाले राष्ट्रको सामरिक महत्त्वको रक्षा र जगेर्ना गर्न हरतरहले लागी परेको छ । नेपालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सीमारेखाको आधारविन्दु पनि सामरिकस्थल नै रहेकाले यसको महत्त्वलाई कम आँक्न मिल्दैन ।

## राष्ट्रहितका विषय

नेपाली सेना राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता तथा भौगोलिक अखण्डताको संरक्षण तथा राष्ट्र र राष्ट्रवासीको सेवामा सदा समर्पित संस्था हो । नेपाली सेनाले नेपालको संविधानद्वारा निर्दिष्ट भूमिका पूरा गर्न देशको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म विभिन्न स्थान तथा तहमा संगठित भई आफ्नो जिम्मेवारी सम्पादन गर्दै आइरहेको छ । नेपालको संविधान, २०७२ को धारा २६७ ले निर्दिष्ट गरेबमोजिम नेपाली सेनाको पहिलो कार्य नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा गर्ने तथा दोस्रो कार्य राष्ट्रिय सुरक्षा नीतिको दफा ३.३ ले युद्ध बाहेकको अवस्थामा नेपाली सेनालाई थप १४ वटा सहायक जिम्मेवारीहरु प्रदान गरेको छ (www.nepalarmy.mil.np) । राष्ट्रिय सुरक्षा नीति, २०७३ को प्रस्तावनामा नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषताको परिवेशमा राष्ट्रिय एकता, सामाजिक एवम् साँस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावको संरक्षण एवम् प्रवर्द्धन गर्नु आवश्यक भएको उल्लेख छ । त्यसै गरी नेपालको संविधान, २०७२ ले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र

स्वशासनको अधिकारलाई आत्मसात् गरेको छ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक लगायत सबै प्रकारका विभेद र छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने (नेपालको संविधान, वि.सं. २०७२, धारा ५१ (ड) (१) सङ्कल्प गरेको छ । सुरक्षा बहु-आयामिक विषय भएकाले यसले मुलुकको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र मानवीय पक्षलाई समेट्दछ । सुरक्षा नीति अन्तर्गत सार्वजनिक र निजी मूल्य-मान्यताहरु, राष्ट्रिय सम्मान र गौरव, जिउधन एवं सामाजिक- सांस्कृतिक मूल्यको जगेर्ना र संरक्षण पनि पर्दछन् । राष्ट्रिय सुरक्षाले मुलुकको भौगोलिक, सामाजिक, आर्थिक र राजनीतिक रुपमा देशको पूर्ण सुरक्षालाई बुझाउँछ । हरेक देशले आफ्ना आधार भूत मूल्य र मान्यतामा आधारित राष्ट्रिय आकांक्षा र अति महत्त्वपूर्ण राष्ट्रिय हितका विषयहरुको पहिचान गरेको हुन्छ । यस्ता राष्ट्रिय आकांक्षा र राष्ट्रिय हितका विषयहरुलाई वाह्य आक्रमण वा आन्तरिक दबाव र चुनौतीहरुबाट सुरक्षित गर्दै सम्बर्द्धन र प्रबर्द्धन गर्नुपर्ने हुन्छ, जुन कार्य सामरिकस्थलबाटै सम्भव हुन जान्छ ।

**सामरिकस्थलको महत्त्व**

ताकत भनेको हिम्मत र मनोबलको कुरा हो । त्यो ताकत नेपाली सेनासँग जिउँदै छ । हटेर होइन, डटेर लड्ने नेपाल र नेपाली सेनाको बानी हुन्छ । त्यो बानी पनि सुरक्षित छ । इष्ट इण्डिया कम्पनीको अङ्ग्रेज सेनासँग लड्दा नेपाली सेनाले खुकुरीका भरमा उच्च मनोबल तथा हिम्मतका साथ युद्धभूमिमा होमिनुपर्‍यो । पराईहरुका तोप र बन्दुकहरुले नेपाली सेनालाई थर्काउन सकेन । घटनाक्रमलाई हेर्दा पश्चिम किल्ला काङ्गडा र पूर्वमा टिस्टा पुग्ने नेपाली सेनाले आफ्नो पराक्रमको विजय ध्वजा सतलज नदी मात्रै होइन, गङ्गाको तटसम्म र तिब्बतसम्म फहराएको थियो (बस्न्यात, वि.सं. २०७६) । यो सबै विजयमा सामरिक स्थानहरुले साथ दिएकाले नै सम्भव भएको हो । सामरिक महत्त्व जानेका सेनाहरुको चातुर्य अनन्तकालसम्म गुन्जिरहने छ । नेपाली सेना त्यो सेना हो, जो शार्दूलको चालमा समरमा लडाइँको मैदानमा हिंड्ने गर्दछ । शार्दूलको चाल भनेको बाघको चाल वा गति हो । जसलाई दाग्छ वा ताक्छ, उसलाई नछोड्ने नेपाली सेनाको विशेषता हो । तिखारिएको, अनुशासित र नूनको सोझो गर्ने सेनाका रुपमा पहिचान बनाएको नेपाली सेनासँग जति पनि सामरिक क्षेत्रमा युद्धकौशलको अनुभव छ, संसारका कमै सेनाहरुसँग तुलना गर्न सकिँदैन । आफ्नो राष्ट्रिय हितलाई ध्यान दिने र शक्ति राष्ट्रहरूको प्रतिस्पर्धामा कतै पनि नढल्कने नीति नेपालको रहेको छ । नेपालसँग खुला सिमाना भएको भारतले नेपाल र चीनको सीमा छुट्याउने हिमालय क्षेत्रलाई आफ्नो प्राकृतिक सुरक्षा कवच ठान्दै आएको छ । तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले सन् १९५० मा भारतीय संसद्मा बोल्दै हिमालयले चिरकालदेखि मजबुत सिमानाको भूमिका खेलेको र नेपालमा केही नराम्रो भए वा उक्त सिमाना तोडिए वा कमजोर पारिए त्यसले भारतका लागि सुरक्षा खतरा निम्त्याउने भनाइ राखेका थिए (दाहाल, सन् २०१९) । यसले पनि नेपालको सामरिक महत्त्वको ध्यान अन्तर्राष्ट्रिय जगतमा सँधै चर्चाको विषय बन्ने गरेको छ । सन् १९६२ मा चीनसँगको युद्धमा हार खाए पनि सामरिक महत्त्व बुझेकैले नेपालको कालापानी लिम्पियाधुरा लिपुलेक क्षेत्र छोड्न भारत मानिरहेको छैन । चीनले तिब्बततर्फको भूमिको सुरक्षा संवेदनशीलतालाई नेपालसँगको सम्बन्धको मुख्य मुद्दा बनाउनु पनि सामरिकस्थलको सुरक्षा र संरक्षणकै चिन्ता हो । तिब्बतबाट दलाई लामाको निर्वासनपछि चिनियाँ सेनासँग लड्न खम्पा विद्रोहीहरूलाई अमेरिकी गुप्तचर निकाय सीआइएले मद्दत गर्दा पनि सामरिक क्षेत्रले नै साथ दिएको थियो । सिआइएले अमेरिकी विमानमार्फत् सन् १९६० को दशकमा खम्पा विद्रोहीका लागि तिब्बती भूमिमा दुईपटक र नेपालको मुस्ताङमा एक पटक हतियारहरू खसालेको थियो । यसै गरी खम्पा विद्रोहीलाई निशस्त्र गर्न नेपालले सन् १९७४

आफ्नो सेना मुस्ताङमा खटाएको थियो र दलाई लामाको आह्वानपछि विद्रोहीहरूले आत्मसमर्पण गरेका थिए (दाहाल, सन् २०१९)। संयुक्त राज्य अमेरिकाले सार्वजनिक गरेको इण्डो प्यासिफिक रणनीति (खड्का र आचार्य, वि.सं. २०७६) मा नेपाल समेत समावेश हुनु यहाँको सामरिकस्थलको महत्त्व नै हो। व्यास भूमिको तपोभूमि कालापानी क्षेत्र भारत र चीन दुवैका लागि सामरिक महत्त्व र स्वार्थका केन्द्र हुन्। पानी, ब्यापारिक र धार्मिक दृष्टिले अति महत्त्वको स्थान लिपुलेक भन्ज्याङ अन्तर्राष्ट्रिय चर्चामा रहेको सामरिक स्थल हो (ढकाल, सन् २०१९)। महाकाली नदीको पानी, चीनसँगको व्यापारिक मार्ग, कैलाश मानसरोवार यात्राका लागि भारतले कालापानी क्षेत्रबाट आफ्नो सैन्य दस्ता फिर्ता लगेको छैन। मानसरोवर नपुग्ने भारतीय तीर्थालुहरु लिम्पियाधुरास्थित जोलिङकन पर्वतमालास्थित प्रसिद्ध तीर्थस्थल आदिकैलाशमा पुगेर आफ्नो मनोकांक्षा पूरा गर्दछन् (ढकाल, सन् २०१९)। यसबाट पनि सामरिक क्षेत्रको महत्त्व कत्तिको छ भन्ने प्रस्ट हुन्छ। चीन चियाउने सामरिक केन्द्र कालापानीबाट तिब्बत करिब १० किलोमिटरको दूरीमा रहेकाले नेपालले आफ्नो सामरिकस्थलको सुरक्षा र संरक्षण गर्नमा रत्तिभर ढिलाइ गर्नु हुँदैन। सिङ्गो नेपालभरिका भूभाग स्वयं आफैमा सामरिकस्थल भएको प्रस्ट हुन जान्छ।

**सामरिकस्थलको गोपनीयता**

समरका मैदानमा नेपाली सेना रुद्ररुप धारण गर्दछ भने अन्य बेलामा सामवादमा हुन्छ अर्थात् नागरिकसँग सम्पर्क गर्दा मीठो बोल्ने र नरम वचन गर्ने हुन्छ। यस्तो पाठ उनीहरुलाई सिकाइएको र नेपाली सेना विदेशी सेना नभएकाले नेपाली जनता बीच लोकप्रिय छ। नेपाली सेनाको भरमा देश जोगिएको छ। स्थानीय तहमा नेपाली सेनालाई भन्दा पनि स्थानीय नागरिकलाई त्यहाँका सामरिक महत्त्वका गल्छेडाहरुको जानकारी बढी मात्रामा थाहा छ। सिङ्गो नेपाल नै सामरिक महत्त्वको देश हो। लिम्पियाधुरा, लिपुलेक र कालापानी महत्त्वपूर्ण सामरिक क्षेत्र भएकाले त्यसमाथि भारतले आफ्नो नजर लगाइरहेको छ। राष्ट्रनिर्माता पृथ्वीनारायण शाहलाई गोरखनाथले दिएको दधिवर (थापा, वि.सं. २०२९, पृ.८) सेनाको शक्ति हो। गुलाम नभएका कुनै पनि नेपाली वा नेपाली सेनाले त्यो गुलामी भाषा सलाम त्यागेर "जय जय गोरख, जय जय काली" (भट्ट, वि.सं. २०७६) को अभिवादन गर्ने गरेमा नेपालको आफ्नैपन आउनेछ। महाभारतको युद्ध (जागरण, सन् २०१७) महाभारत पर्वतले छेकेकाले नेपाल आफैमा सामरिक महत्त्वको देश भन्ने जनाउँछ। महाभारत पर्वत र त्यो पर्वतका नाकाहरु वा खोल्साहरु सामरिक महत्त्वका स्थान हुन्। उत्तर-दक्षिण मोटर बाटाहरु खोल्दैमा सबै नाकाहरु खोलिनु हुँदैन। त्यस्ता महत्त्वपूर्ण स्थान र नाकाहरुको नेपाली सेनाको अगुवाइमा सुरक्षा फौजले सुरक्षित राख्नुपर्दछ। विदेशी जासुसहरुले त्यस्ता सामरिक महत्त्वका ठाउँहरुमा आवतजावत गर्न नपाऊन्, नत्र सामरिक महत्त्वका ठाउँहरुको गोपनीयता भङ्ग हुन सक्छ।

महाभारतको सामरिक महत्त्वलाई सुरक्षित राख्ने हो भने महाभारतका फेदी अर्थात् चुरे भावरहरुमा प्रदेश १ देखि ७ सम्मै मेचीदेखि महाकालीसम्म र त्यसपछि कञ्चनपुर हुँदै महाकाली नदीको नेपालपट्टिको मध्यभागबाट दार्चुला-कालापानीसम्म मोटरबाटो बनाउनुपर्दछ। त्यसको सुरक्षा पूर्ण रुपमा नेपाली सेनालाई दिनुपर्दछ। त्यो सडकमार्ग तयार भएपछि नितान्त सैनिक प्रयोजनका लागि महाभारतको टाकुरामा पुग्ने मोटर बाटाहरु ठाउँ- ठाउँमा बनाउनुपर्दछ। यस्तो बाटो उत्तर तथा दक्षिणका फेदी दुवैतिरबाट बनाउनुपर्दछ। नेपाल आफैमा पहाडी मुलुक भएकाले यहाँ प्रशस्तै ओढार र गुफाहरु छन्। प्राचीनकालमा यी सबै सामरिक महत्त्वका ठाउँहरु हुन्। यस्ता ठाउँहरु अर्थात् गुफा र ओढारहरुमा पहिले-पहिले मानिसहरु बस्ने गर्दथे। त्यस बेलाका यी ठाउँहरु किल्ला थिए। माथिल्ला मुस्ताङतिर यस्ता गुफा र ओढारहरुमा अझै मानिसहरु बस्ने गरेका छन्। केही अघिसम्म पनि चेपाङ जातिहरु यस्तै ओढार र गुफाहरुमा बस्ने गर्दथे। सुरक्षित स्थान भएकाले नै

मानिसहरु बस्ने गरेका हुन् । यस्ता गुफा वा ओढार हरुलाई सामरिक महत्त्वका दृष्टिले संरक्षण गर्नुपर्दछ । संयुक्त राज्य अमेरिकाको भर्जिनियामा "लुरे गुफा" नामको एउटा ओढार रहेको छ (luraycaverns.com) । जहाँ हजारौं मानिस अटाउँछन् । प्रथम र द्वितीय विश्वयुद्धमा अमेरिकी सेनाहरुले यसै गुफामा आश्रय लिएर सुरुङ युद्ध गरेका थिए । आम नागरिकहरुको यसमा साथ र सहयोग रहेको थियो । यो अहिले पर्यटक लोभ्याउने स्थान बनेको छ । त्यसैले प्रकृतिले दिएका वा मानव निर्मित सबै खाले गुफा, ओढार र पातालहरुको जगेर्ना गरी राख्नुपर्दछ । नेपालमा पनि यस खालका गुफा, ओढार र पातालहरु प्रायः सबै पहाडी र हिमाली क्षेत्रहरुमा रहेका छन् । सुरक्षा फौजले चासो दिए आम नागरिकले दुश्मनहरुसँगको पहिले पहिलेको लडाइँमा झैँ पूर्ण सहयोग र साथ दिनेछन् ।

## निष्कर्ष

नेपाली सेनालाई पटक-पटकका युद्धहरुमा सामरिक स्थलहरुमा भेला भएर नागरिकले प्रशस्त साथ दिएका छन् । सिमरौनगढ ध्वस्त पारेर अघि बढेको मुगल सेनाले देवघाट हुँदै पशुपति क्षेत्रमा समेत प्रवेश गरेर मूर्तिहरु तोडफोड गरेपछि सामरिक महत्त्वका नाकाहरुमा घरेलु हतियार सहित लाठी र नोल बोकेर राष्ट्र रक्षाका निम्ति आम नागरिकले सेनालाई साथ दिएका छन् । गुर्गीन खाँको मुश्लिम फौजको हमलालाई असफल पार्न सेना, नागरिक र सामरिक स्थलको त्रिकोणीय भूमिका रहेको छ । सेनाले यस्तो साथे नागरिकहरुबाट बाह्य र आन्तरिक सबै खालका युद्धहरुमा पाएको छ । नेपाल कुनै पनि विदेशी शक्तिको बुटमुनि कुल्चिनु नपरेको पनि सामरिक स्थलको आडमा सैनिक र नागरिकको रणकौशल र चातुर्यले नै हो । महाभारत क्षेत्र र अन्य महत्त्वपूर्ण ठाउँहरुमा गढी निर्माण गरेर त्यहाँ गगनभेदी तोपहरु र अन्य क्षेप्यास्त्रहरु तैनाथ गर्नसके नेपालको सुरक्षा घेरा अझ मजबुत रहन जान्छ । दुश्मनहरुका जहाजहरु नेपाललाई हडप्न वा ध्वस्त पार्न नेपाली आकाशमा आएको सूचना पाउनासाथ मार हानेर खसाल्न सक्ने ताकत सामरिक क्षेत्रले नै दिन्छ । सामरिक क्षेत्रहरुमा पानीको अभाव हुन नदिन सिन्धुलीगढी किल्लामा जसरी पानी सङ्कलन गर्न पोखरीहरु निर्माण गरिएका थिए, त्यस्तो काम सबै किल्लाहरुमा पनि गर्न सकिन्छ । अल्लो, सिस्नो र अरिङ्गालले समेत अङ्ग्रेज सेनालाई दपेटेको सिन्धुलीगढी किल्लामा राष्ट्रिय युद्ध सङ्ग्रहालयको शिलान्यास समेत भएको छ (भुजेल, २०१९) । नालापानी युद्धमा नेपाली सेनालाई आम नागरिकले साथ दिँदा दिँदै पनि अङ्ग्रेजले पानीको मुहान थुनिदिएका थिए (कुँवर, वि.सं. २०७५) । यसबाट पाठ सिक्दै पुराना युद्धगढीहरुलाई मर्मत-सम्भार र संरक्षण गर्न सके नेपालको सामरिक महत्त्वको सान्दर्भिकता अरु फराकिलो हुनेछ । सामरिक महत्त्वका क्षेत्रमा नेपाली सेनाको अगुवाइमा संयुक्त सुरक्षा फौजको उपस्थिति आवश्यक देखिएको छ । शक्तिशाली देशहरुले आफ्नो प्रभाव बढाउन विभिन्न सूत्रमार्फत् प्रयास गरिरहन्छन् । आफ्नो रणनीतिक र सामरिक स्वार्थ देखाउन खोजेको खण्डमा नेपाली पक्ष सचेत र सर्तक हुनुपर्छ । नेपाललाई सामरिक स्वार्थ देखाउन विदेशीहरुको क्रीडास्थल कदापि बन्न दिनुहुँदैन । नेपालको सामरिक क्षेत्रको संरक्षण गर्दै राष्ट्रिय स्वार्थ अनुकूल हुने गरी परराष्ट्र र सुरक्षा नीति निर्माण हुन सके देश र जनताको भलाइ हुने देखिन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, केशव (पुष ९, २०७५), *ऐतिहासिक कान्द्राङगढीको संरक्षणमा जुट्यो नेपाली सेना,* Retrieved from http://dhadingnews.com/?p=35326, on December 27, 2019.

कुँवर, नवराज (असार ३०, २०७५), *नालापानी युद्धका नायक बलभद्र कुँवर किन लाहुरे भए ?* Retrieved from https://www.newskarobar.com/banner-news/64205.html, on November 23, 2019.

*के हो सुगौली सन्धि ? जस्ले आधा भन्दा बढी भूभाग गुमाउनुपऱ्यो* (जनवरी १४, २०१९), Retrieved from https://www.youtube.com/watch?v=QKiOPPTd2Uw, on December 17, 2019.

खड्का घनश्याम र स्वरुप आचार्य (जेठ २०, २०७६), *अमेरिकी रणनीतिमा नेपाल साझेदार,* Retrieved from https://ekantipur.com/news/2019/06/03/155952552739277680.html, on December 28, 2019.

गृह मन्त्रालय, *सीमा तथा अध्यागमन प्रशासन शाखा,* Retrieved from http://www.moha.gov.np/office-layout/757

चाम्लिङ, भोगीराज (वि.सं. २०७६), *भगवान् गणेश, उमेर १५०० वर्ष,* Retrieved from http://nepalihimal.com/article/17829, on December 4, 2019.

जागरण जुन २८, २०१७), *जानिए महाभारत युद्ध के ञड दिनों में किस दिन क्या हुआ था,* Retrieved from https://www.jagran.com/spiritual/sant-saadhak-mahabharat-yudh-ka-18-dino-ka-ghatnakram-15405663.html, on December 6, 2019.

ढकाल, योगेश (नोभेम्बर १३, २०१९), *कालापानीमा भारतको सामरिक स्वार्थ,* Retrieved from https://nepalmag.com.np/news/2019-11-13/20191113154019.html, on December 9, 2019.

थापा, रमेशजङ्ग (२०२९, कार्तिक), नेपाल देशको इतिहास, *प्राचीन नेपाल,* संख्या २१,पृ.    ।

दाहाल, फणीन्द्र (डिसेम्बर २३, २०१९), *हिमालय क्षेत्रमा अमेरिका : सामरिक प्रतिस्पर्धा मात्रै कि सहकार्य पनि ?* Retrieved from https://www.bbc.com/nepali/news-46657733, on November 22, 2019.

दैनिक नेपाल (कार्तिक २६, २०७६), *राज्यबाटै उपेक्षित छ तिंकर र छांगरु,* Retrieved from https://www.dainiknepal.com/2019/11/421036.html, on November 25, 2019.

*नेपालको संविधान, वि.सं. २०७२।*

पाण्डेय, फणीन्द्रप्रसाद (वि.सं २०५७), *संस्कृत-नेपाली बृहत् शब्दकोष,* दाङः महेन्द्र संस्कृत विश्वविद्यालय ।

पोखरेल, बालकृष्ण र अरु (वि.सं. २०४०), *बृहत् नेपाली शब्दकोष,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बडू, दिलेन्द्रप्रसाद बडू (मंसिर १३, २०७६), *पश्चिमोत्तर सीमा : नक्सातिक्रमणदेखि सेनातिक्रमणसम्म* Retrieved from http://www.yeskathmandu.com/ 2019/11/23689/, on November 12, 2019.

*बस्न्यात, प्रेमसिंह (साउन २४, २०७६), कसरी भयो सुगौली सन्धि ?* Retrieved from https://www.himalkhabar.com/news/13888, on December 11, 2019.

भट्ट, महेशदत्त (कार्तिक २२, २०७६), *नक्कली राष्ट्रवादको पासोमा लिपुलेक र कालापानी,* Retrieved from https://hamrakura.com/news-details/69141/2019-11-08, on November 19, 2019.

भुजेल, बलवीर (नोभेम्बर ८, २०१९), *सिन्धुलीगढीमा राष्ट्रिय युद्ध संग्रहालय निमार्ण हुँदै,* Retrieved from https://www.janatasamachar.com/2019/11/147083, on December 1, 2019.

*राष्ट्रिय सुरक्षा नीति,* २०७३ ।

रिपोर्टर्स नेपाल (जुलाई २३, २०१९), *विदेशीको बढ्दो चासो, नेपालको सामरिक महत्त्व कि हस्तक्षेप ?* Retrieved from https://www.reportersnepal.com/2019/07/331103, on November 6, 2019.

सूचना विभाग (वि.सं. २०७२), *नेपाल परिचय,* काठमाडौं ।

*सूचनाको हक सम्बन्धी ऐन,* २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण, Retrieved from https://www.nepalarmy.mil.np/page/rights_to_information, on November 19, 2019.

*हाम्रो पात्रो* (वि.सं. २०७६), महाशिवरात्रि, Retrieved from https://www.hamropatro.com/posts/articles-events/articles-events-maha-shibharatri,on December 9, 2019.

*Luraycaverns* (2019 AD), Retrieved from https://luraycaverns.com/news/luray-caverns-is-step-free-at-last/, on December 14, 2019.

Rana, M. SJB (April 3, 2017), *Nepal: New geostrategic hotspot – Analysis,* Retrieved from https://www.eurasiareview.com/03042017-nepal-new-geostrategic-hotspot-analysis/, on November 26, 2019.